हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

# मानव अधिकार अवस्था

## मे–जुन

## २०१०

## हिमराइट्स लाइफ लाइन एक चिनारी

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) ले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनविरुद्ध मानवीय मूल्य मान्यताको संरक्षण गर्न लाइफलाइन जीवन जोगाउ अभियान प्रारम्भ गरेको थियो । लाइफलाइन मानव अधिकार उल्लंघन गर्ने प्रवृत्तिको विरुद्ध सम्बोधन गर्नका लागि एउटा अभियानको रुपमा संचालन भइरहेको छ । यसले विगतमा राज्य र माओवादी पक्ष बीचको भएको सशस्त्र द्वन्द्वको दौरानमा मानवीय मूल्यमा आएको गम्भीर ह्रासको अवस्थालाई सम्बोधन गरेको थियो । यसको साथै यसले द्वन्द्वको अवस्थामा मानव अधिकार रक्षकहरुबाट गरिनु पर्ने तत्काल सम्बोधन गर्ने कार्यको दायित्व निर्वाह गरेको थियो । यस्तो गम्भिर पृष्ठभूमिमा हिमराइट्सले पीडकविरुद्ध उजुरी गर्न सक्ने, पीडाहरु साटासाट गर्ने, बेपत्ता पारिएका परिवारजनहरु कहाँ छन् भनेर खोजी गर्नका लागि एउटा उपयुक्त मञ्चको आवश्यकता भएको कुरा महसुस गऱ्यो ।

यसरी हिमराइट्सले आन्तरिक द्वन्द्वका कारण भएको मानव अधिकार उल्लंघनका घटनाहरुलाई सम्बोधन गर्ने, अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने एउटा भरपर्दो सेवा प्रदान गरेको थियो । हिमराइट्स सशस्त्र द्वन्द्वसँग सम्बन्धित मानव अधिकार उल्लंघनको विरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा वकालतका साथै पीडितहरुको उद्धार, रिहाइ गर्ने, सत्य तथ्य पत्ता लगाउने कार्यमा संलग्न रहेको थियो ।

हिमराइट्सले वर्तमान संक्रमणकालिन अवस्था समेतलाई मध्यनजर गर्दै आफ्ना क्रियाकलापहरुलाई निरन्तर दिदैं आएको छ । हिमराइट्सको क्षेत्रीय, जिल्ला कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट संकलित मानव अधिकार, महिला अधिकार तथा बाल अधिकार विरुद्धमा भएका घटनाहरुको सत्यतथ्य सूचनाहरु संकलन गरी विद्यमान मानव अधिकारको अवस्थाको बारेमा सु-सूचित गर्ने काम गर्दै आउनुको साथै जघन्य मानव अधिकार उल्लघंनका घटनाहरुको सत्यतथ्य पत्ता लगाई पीडितको पक्षमा दवाबमूलक वकालतहरु समेत गर्दै आइरहेको छ ।

### मई र जुन महिनामा भएका प्रमुख घटनाक्रमहरु

- मई २ देखि ८ सम्म एनेकपा माओवादीले वर्तमान सरकार र राष्ट्रपतिको असंवैधानिक कदमको खारेजी संयुक्त राष्ट्रिय सरकार, शान्ति र संविधानको माग राखेर देशैंभरी आम हड्ताल गऱ्यो । जसबाट कलकारखाना शिक्षण संस्थाका साथै बजार पसल यातायात ठप्प रहनुका साथै आम मानिसको जनजीवन अत्यन्तै कष्टकर भयो ।
- मई १८ देखि जुन ५ सम्म हालसम्म नामै नसुनेको भनिएको अपराधिक समूहद्वारा विपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनका कार्यकारी निर्देशक डा. भरत लाल श्रेष्ठको अपहरण गरी १९ दिन सम्म बेपत्ता बनायो ।
- जुन १६ मा संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले सर्लाही बवरगन्जका गाविस सचिव इन्द्र बहादुर श्रेष्ठको र जुन २६ मा अज्ञात समूहको गोली प्रहारबाट हिन्दु युवा संघका अध्यक्ष काशी तिवारीको हत्या लगायत अन्य सर्वसाधारणको हत्या भयो ।
- विभिन्न सशस्त्र समूह, भूमिगत समूहको धम्की चन्दा आतङ्कले गाविस सचिवहरुलाई नराम्ररी प्रभाव पाऱ्यो । अधिकांश जिल्लाका गाविस सचिवहरुको सामूहिक राजिनामा आउने क्रम बढ्यो । जसबाट सर्वसाधारण जनता स्थानीय निकायबाट पाउने सुविधाबाट बञ्चित भए ।

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

- एकिकृत नेकपा माओवादीले गरेको मई २ देखि ८ सम्म गरेको आमहड्तालका साथै शान्तिपूर्ण जुलुशको क्रममा काठमाण्डौ लगायत तराईका केही जिल्ला लगायत अन्य स्थानमा बालबालिकाहरुको प्रयोग गरेको पाइयो । यसै गरी यातना बलात्कारका साथै बालअधिकार उल्लघंनका घटनाहरु घट्ने क्रम जारी नै रह्यो ।
- जुन ८, २०१० मा काठमाण्डौको बसुन्धारास्थित इसान नर्सिङ्ग होम अगाडि कार बम बिस्फोटन गराएको र उक्त विस्फोटनबाट चारजना सर्वसाधारण घाइते भएका थिए । संघीयताको म्याद थप गरेको विरोध स्वरुप नेपाल स्वतन्त्र पार्टीले उक्त घटनाको जिम्मा लिएका थिए ।

## हिमराइट्समा अभिलेखित सूचनाहरु

### मानव अधिकार अवस्था

२०१० को मे र जुन महिनामा पनि देशको मानव अधिकारको स्थितिमा सुधारात्मक अवस्था देखिएन । राज्यले प्रत्याभूत गर्नुपर्ने आधारभूत मानव अधिकारको समेत व्यापक रुपमा बढेका हत्या, अपहरण, धम्की, बलात्कार तथा बन्द लगायतका हिंसात्मक कार्यहरुले प्रश्रय पाई मुलुक कानुनविहिनताको अवस्थामा रहयो । अत्यन्त गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरुमाथि नियन्त्रण हुन नसकिरहेको अवस्थाले दण्डहिनताको स्थितिबाट गुज्रिरहेको अवस्था छ । राजनीतिक गतिरोध तथा हिंसात्मक क्रियाकलापहरुलाई नियन्त्रण गर्न नसक्दा आम जनमानसले त्रासदी पूर्ण जीवनयापन व्यतित गरिरहनु परेको छ । तराईका जिल्लाहरुमा भइरहेका हत्या, अपहरण तथा चन्दा आतंकले विगतको दुई महिना पनि आक्रान्त रहयो । तराईका तथा पूर्वी जिल्लाहरुमा सरकारद्वारा विशेष सुरक्षा व्यवस्था प्रभावकारी ढंगबाट अवलम्बन गरेको दावी गर्दै आएको भएतापनि यथार्थमा स्थिति यस्तो छैन । तराईका अधिकांश जिल्लाहरुमा  भूमिगत समूहका कार्यकर्ताहरुले स्थानीय व्यापारी, शिक्षक तथा सर्वसाधारणहरुसँग चन्दा माग्ने र नदिएमा अपहरण गर्ने, धम्की दिने कार्यलाई निरन्तरता दिई नै रहेका छन् ।

### हिमराइट्समा अभिलेखित सूचनाहरु

हिमराइट्स लाइफलाइनले यसका जिल्लास्थित कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट बालअधिकार, महिला अधिकार तथा मानवअधिकार उल्लंघनका घटनाहरुको अभिलेख राखेको छ । यसका लागि जिल्लास्थित हिमराइट्सका अनुगमनकर्ताहरुले उनीहरु कार्यरत जिल्लामा भएका सूचनाहरु संकलन गर्दछन् । त्यसै गरी हिमराइट्सले नेपाली र अंग्रेजी भाषामा प्रकाशित हुने दैनिक समाचार पत्रहरुलाई सूचनाको श्रोतको रुपमा लिएको छ ।

अनुगमनबाट मई र जुन गरी दुई महिनाको बीचमा करिब २१५ वटा मानव अधिकार उल्लंघनका घटनाहरु भएका छन् । जसमा मे महिना ११७ र जुन महिना ९८ वटा मानव अधिकारका घटनाहरुको जसमध्ये मे महिनामा ३५ र जुन महिनामा २७ वटा बालअधिकार उल्लघंनका घटनाहरु सूचिकृत गरिएको छ । मूलूकभरीका ४८ वटा जिल्लाहरुमा घटेका घटनाहरुको आधारमा यो सूचाकांक तयार पारिएको छ ।

विगत दुई महिनामा भएका घटनाहरुको समीक्षा गर्दा एनेकपा माओवादी तथा वाइसिएलका कार्यकर्ता तथा तिनका भातृ संस्थाहरुले पार्टीको निर्णयको नाममा अगामी आफ्नो आन्दोलनका निम्ति चन्दा संकलन कार्यलाई दोहोऱ्याई नै रहेका छन् ।  त्यसै गरी अखिल तराई मुक्ति मोर्चा, अखिल क्रान्तिकारी, तराई जनतान्त्रिक मधेश, अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता, तराई जनवादी वर्कस पार्टी तथा अन्य अज्ञात समूहहरुबाट हुने हत्या, अपहरण तथा धम्कीको घटनाहरुमा कमी आएन् भने महिलामाथि हुने घरेलु हिंसा, बलात्कार, यातना जस्ता अमानवीय क्रियाकलापहरुले समेत प्रश्रय पाइरह्यो ।

त्यस्तै, एनेकपा माओवादी, किराँत जनवादी वर्कस पार्टी, मधेशी जनाधिकार फोरम, थारु कल्याणकारी सभा, तामासालिङ्ग, लिम्बुवान, भिष्म एकता परिषद् जस्ता पार्टी, टाईगर समूह नामका संगठनहरुले आह्वान गरेको बन्द तथा आम हड्तालको कारण मूलूक भर तथा विभिन्न जिल्लाहरुको जनजीवन ठप्प रहयो ।  नेपालको अधिकांश

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

जिल्लाहरुमा विभिन्न आपराधिक समूह तथा जिल्ला पार्टीका नाममा चन्दा तथा धम्की दिइने कारणबाट गाविस सचिवहरुले आफू असुरक्षित रहेको महसुश गरी सामूहिक राजिनामा दिने क्रम बढ्यो ।

यसै गरी गत दुई महिनाको अभिलेखित सूचनाको विश्लेषण गर्दा बाल अधिकार उल्लघंनका घटनाहरु उल्लेख्य मात्रामा भएको पाइयो । बन्द तथा हड्तालको कारण शिक्षण संस्थाहरु समेत बन्द भई बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको हनन् हुनुको साथसाथै राजनीतिक क्रियाकलापहरुमा बालबालिकालाई पर्याप्त मात्रामा प्रयोग गरेको देखियो । बालबालिकाको अज्ञात समूहबाट हत्या, अपहरण तथा बलात्कारका घटनाहरुको सूचना हिमराइट्समा संकलित भएको छ । चन्दा तथा फिरौतीको निम्ति बालबालिका अपहरण तथा हत्या जस्ता कार्यलाई सुरक्षा निकायले नियन्त्रण गर्न सकेन । त्यस्तै बेवारिसे अवस्थामा छोडिएका विष्फोटक पदार्थबाट घाइते हुने क्रम पूर्ण रुपमा रोकिन सकेको देखिएन ।

**तालिका १ : मानव अधिकार उल्लंघनका घटनाहरु**

| मानव अधिकार उल्लंघन | मई | जुन |
|---|---|---|
| हत्या | ८ | **१३** |
| गोली लागि घाइते - विभिन्न समूहबाट | ३ | १२ |
| अपहरण | ११ | ४ |
| पक्राउ | ६ | ६ |
| ज्यान मार्ने धम्की / कुटपिट दुर्व्यवहार | २१ | ५ |
| महिला हिंसा/घरेलु हिंसा - हत्या र कुटपिट | १२ | १० |
| यौन दुर्व्यवहार (महिला) | ५ | ७ |
| विष्फोटन | ३ | ६ |
| बन्द -नेपाल, क्षेत्र, जिल्ला) | ९ दिन | ६ दिन |
| **चन्दा/जग्गा कब्जा/ विस्थापित** | **४** | **२** |
| **जम्मा** | **८२** | **७१** |

**तलिका २ : बाल अधिकार उल्लंघनका घटनाहरु**

| बाल अधिकार उल्लंघन | मई | जुन |
|---|---|---|
| हत्या | | १ |
| कब्जा/अपहरण / बेपत्ता /पक्राउ | ५ | १ |
| यातना/घाइते/कुटपिट | ७ | ४ |
| यौन दुर्व्यवहार | ५ | ७ |
| विद्यालय बन्द | ११ दिन | १३ दिन |
| राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग | ६ | १ |
| विद्यालय आक्रमण | १ | |
| **जम्मा** | **३५** | **२७** |

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

## तालिका : ३ मानव अधिकार अवस्था –मई

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादी | राजनीतिक दलका भातृ संघ संस्थाहरु | प्रमुख राजनीतिक दलहरु | अज्ञात समूह/सशस्त्र समूह | सुरक्षाकर्मी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| **१.** | **हत्या** | **-** | **-** | **-** | **६** | **१** | **१** | **८** |
| २. | कब्जा/अपहरण/ पक्राउ | - | - | १ | ८ | | २ | १७ |
| ३. | ज्यान मार्ने धम्की, विस्थापित र कुटपिट | ६ | ६ | - | ७ | १ | १ | २१ |
| ४. | महिला हिंसा/घरेलु हिंसा -हत्या /कुटपिट | - | - | - | - | - | १२ | १२ |
| ५. | यातना/घाइते | - | - | - | ३ | - | - | ३ |
| ६. | यौन दुर्व्यवहार (महिला) | - | - | - | | | ५ | ५ |
| **७.** | **विष्फोटन** | - | - | - | ३ | - | - | ३ |
| ८. | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | ७ दिन | - | - | - | - | २ | ९ दिन |
| ९. | **चन्दा / घरजग्गा कब्जा** | २ | - | - | २ | - | - | ४ |
| | **बाल अधिकार** | | | | | | | |
| १. | **हत्या** | - | - | - | - | - | - | - |
| २. | कब्जा/अपहरण/बेपत्ता | - | - | - | - | - | ५ | ५ |
| ३. | ज्यान मार्ने धम्की | - | - | - | - | - | - | - |
| ४. | यातना/घाइते/कुटपिट | ६ | - | - | - | - | १ | ७ |
| ५. | यौन दुर्व्यवहार | - | - | - | - | - | ५ | ५ |
| ६. | विद्यालय बन्द/आक्रमण | ७ | - | - | २ | - | ३ | १२ |
| ७. | राजनीतिक गतिविधिमा बालबालिकाको प्रयोग | २ | १ | ३ | - | - | - | ६ |
| | | | | | | | **जम्मा** | **११७** |

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

## *तालिका : ४ मानव अधिकार अवस्था - जुन*

| क्रम.सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादी | राजनीतिक दलका भातृ संघ संस्थाहरु | प्रमुख राजनीतिक दलहरु | अज्ञात समूह/सशस्त्र समूह | सुरक्षाकर्मी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| **१.** | **हत्या** | - | - | - | ८ | २ | ३ | १३ |
| २. | कब्जा/अपहरण/ पक्राउ | - | - | - | ४ | ६ | - | १० |
| ३. | ज्यान मार्ने धम्की र विस्थापित | १ | - | - | ४ | - | - | ५ |
| ४. | महिला हिंसा/घरेलु हिंसा | - | - | - | - | - | १० | १० |
| ५. | यातना/घाइते | ५ | १ | १ | १ | ३ | १ | १२ |
| ६. | यौन दुर्व्यवहार (महिला) | १ | - | - | - | - | ६ | ७ |
| **७.** | **बारुदे सुरुङ्ग तथा विष्फोटन पीडित** | - | - | - | **५** | १ | - | ६ |
| ८. | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | - | १ | - | - | - | ५ | ६ दिन |
| ९. | **चन्दा /जग्गा कब्जा** | १ | - | - | १ | - | - | २ |
| | **बाल अधिकार** | | | | | | | |
| १. | **हत्या** | - | - | - | १ | - | - | १ |
| २. | कब्जा/अपहरण | - | - | - | १ | - | - | १ |
| ३. | पक्राउ | - | - | - | - | - | - | - |
| ४. | यातना/घाइते | - | - | - | - | - | ४ | ४ |
| ५. | यौन दुर्व्यवहार | - | - | - | - | - | ७ | ७ |
| ६. | राजनैतिक गतिविधिमा बालबालिकाको प्रयोग | - | - | - | १ | - | - | **१** |
| ७. | विद्यालय बन्द | - | ४ | - | २ | - | ७ | **१३** |
| ८. | **विष्फोटनबाट घाइते** | - | - | - | - | - | - | - |
| **९.** | **बेपत्ता** | - | - | - | - | - | - | - |
| | | | | | | | **जम्मा** | ९८ |

HimRights

हिमराइट्स जिल्ला कार्यालयहरु :
बाँके ०८१-५२६५५५, बारा-०५३-५५००७७, मकवानपुर-०५७-५२४५७७, पर्सा-९८४५०३१८०२, रौतहट-९८४५०३८१९७, सर्लाही-९७४४०२४०९०, सप्तरी- ९८४२८२८९७३

## निष्कर्ष

विगतका दुई महिनाको मानव अधिकार स्थितीलाई आकंलन गर्ने हो भने नेपाल सरकारको सुरक्षा स्थिति सुधारोन्मुख अवस्थामा रहेको दावी गलत साबित भएको छ । हत्या, हिंसा र आतंकको वातावरणबाट अझै पनि तराई र पहाडी क्षेत्र आक्रन्त नै छ । तराईमा चन्दा आतंक, अपहरण र लुटपाटका घटनाहरुलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिन सकिरहेको छैन । भूमिगत रुपमा संचालित सशस्त्र समूहहरुका क्रियाकलापहरुले मानिसको बाँच्न पाउने अधिकार तथा समग्र सुरक्षामाथि चुनौती दिइरहेका छन् । जनताको जीवनको अधिकार, स्वतन्त्र घुमफिर गर्न पाउने अधिकार तथा सुरक्षा प्राप्त गर्ने अधिकारको ठाडो उल्लंघन भएको छ । राज्य र माओवादी पक्ष बीच ऐतिहासिक रुपमा सम्पन्न भएको वृहत शान्ति सम्झौतामा उल्लेख भएका मानव अधिकारको मूल्य र मान्यतालाई माओवादी पक्षले पूर्ण रुपमा आत्मासात गर्न नसकिरहेको स्थिति छ । यस प्रकार मानव अधिकार उल्लंघनको विद्यमान अवस्थाले जनताको जीउ, धनको सुरक्षाका लागि राज्यले सुरक्षा स्थितिलाई मजबुत पार्नु पर्ने आवश्यकता देखिएको छ ।

पटक पटक गरिएका शान्ति सूरक्षाका लागि गरिने प्रतिबद्धताहरु विरुद्धका कार्यहरुमा स्वयं जिम्मेवार राजनीतिक पार्टीहरु नै उल्लघंनकर्ताको रुपमा देखिए । प्रमुख राजनीतिक दलहरु तथा सरकार शान्ति प्रक्रिया तथा संविधान निमार्ण कार्यमा ध्यान केन्द्रित गर्नुको साटो आपसी खिचातानीमा संलग्न रहेको पाइयो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानवीय कानुनीको सम्मान गर्दै शान्ति सुरक्षा, दिगो शान्ति तथा संविधान निमार्ण प्रक्रियालाई गन्तव्यमा पुऱ्याउन तथा आम नागरिकलाई मानव अधिकारको प्रत्याभूति गर्न उपयुक्त वातावरण निमार्णको लागि नेपाल सरकार, जिम्मेवार राजनीतिक दलहरु तथा सर्वसाधारणहरु समेत सचेत हुन जरुरी छ ।

**मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि**

**हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)**
**पुल्चोक, ललितपुर**
**फोन : ५५५५१११, फ्याक्स : ५५५४८८०**
**इमेल : himrights@wlink.com.np; hrlifeline@wlink.com.np**
**वेवसाइट : www.himrights.org**